सशस्त्र प्रहरी बल नेपाल www.apf.gov.np




बर्ष २ | अङ्क १२ | पृष्ठ ८ | असोज २०८१

## चाडपर्व लक्षित हेल्प, हेल्थ र टुरिष्ट सपोर्ट डेस्क स्थापना




सहज, सुरक्षित एवं सम्मानजनक आवागमन सुनिश्चित गर्नको लागि चाडपर्वलाई लक्षित गरी देशका विभिन्न १ सय २३ स्थानमा नागरिक सहायता कक्ष (हेल्प डेस्क), २३ स्थानमा हेल्थ डेस्क र ८ स्थानमा टुरिस्ट सर्पोट डेस्क स्थापना गरेको छ। भारततर्फको सीमावर्ती इलाकामा १ सय १८ स्थानमा र चीनतर्फ ५ स्थानमा यस्ता सहायता कक्षहरु राखिएको हो।

सीमा नाकाबाट आफ्नो गन्तव्यतर्फ जाने आम नागरिकहरुलाई सहज, सुरक्षित र सम्मानजनक ढंगबाट यात्रा पूरा गर्ने व्यवस्था मिलाउन तथा आपतविपदमा परेका नागरिकको उद्धार कार्यमा सहयोग पुऱ्याउने अभिप्रायले दुवै देशका सुरक्षाकर्मीसँगको समन्वय र सहकार्यमा कक्ष राखिएको हो।

चाडपर्वको बेला सीमा नाकाबाट आवतजावत गर्ने नागरिकहरुको सुरक्षा, सीमा क्षेत्रमा हुने अवैध गतिविधि, चोरी डकैती, लुटपाट जस्ता घटनाहरु हुन नदिन, अप्ठ्यारोमा परेका नागरिकको सहयोग गर्न हेल्प डेस्क राखिएको हो।

यसैगरी विभिन्न प्रयोजनले मुख्यतया १३ वटा जिल्लाबाट पर्यटकहरु प्रवेश गर्ने गरेको तथ्यलाई मनन् गरी उनीहरुको सहायताको लागि इलाम जिल्लाको पशुपतिनगर, झापाको काँकडभिट्टा, धनुषाको जटही, पर्साको वीरगञ्ज, रुपन्देहीको बेलहिया, कपिलवस्तुको कृष्णनगर, बाँकेको जमुनाह र कञ्चनपुर जिल्लाको गड्डाचौकीमा गरी ८ ठाउँमा पर्यटक सहायता कक्ष (Tourist Support Desk) समेत स्थापना गरिएको छ।

## सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास





सशस्त्र प्रहरी बल नेपालले असोज महिनामा देशभर संचालन गरेको सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यासमा करीब ७ हजार जना सहभागि भएका छन्।

७४ स्थानहरुमा गरिएको सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास मध्ये नं. १ बराह बाहिनी मुख्यालय सुनसरी तथा मातहत युनिटहरुले १६, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी तथा मातहत युनिटहरुले ९, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की तथा मातहत युनिटहरुले ११ स्थानहरुमा सडक दुर्घटना सम्बन्धी कृत्रिम अभ्यास गरेका छन्।

त्यस्तै नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही तथा मातहत युनिटहरुले १४, नं. ६ महेश्वरी बाहिनी मुख्यालय तथा मातहत युनिटहरुले १०, नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली तथा मातहत युनिटहरुले ९ र नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौं तथा मातहत युनिटहरुले ५ स्थानमा कृत्रिम अभ्यास गरेका छन् भने नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरले संचालन गर्ने तयारीमा रहेको छ।




## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट चाडपर्वको अवसरमा शुभकामना




सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नेपालीहरुको महान चाड बडादशैं, शुभदिपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारी तथा परिवारजनहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नुभएको छ।

असोज २१ गते प्रधान कार्यालयमा आयोजित शुभकामना तथा निर्देशन सम्बोधनको क्रममा महानिरीक्षक अर्यालले संगठनको गर्बिलो इतिहासलाई कायम राख्दै राज्यले सुम्पिएका जिम्मेवारीहरूलाई त्रुटिरहित ढंगबाट निर्वाह गरी पूर्व मेचीदेखि पश्चिम महाकाली तथा तराईको प्रचण्ड गर्मीदेखि उच्च पहाड तथा हिमालको चिसो अनि विभिन्न शान्ति मिसनमा रहेर अहोरात्र जनताको सुरक्षा, सेवा, सहयोग र उद्धार कार्यमा निरन्तर परिचालित सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई सुख, शान्ति, समृद्धि एवं दिर्घायुको कामना व्यक्त गर्नुहुँदै महान चाडपर्वहरूले आपसी सद्भाव र भाईचाराको विकासमा योगदान पुग्ने विश्वास समेत व्यक्त गर्नुभयो।

उहाँले संगठनलाई यस अवस्थासम्म ल्याई राष्ट्र र जनताको सेवामा सक्षम भएर कार्य गर्न योग्य बनाउन अहम भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारीहरुप्रति आभार प्रकट गर्नुहुँदै कर्तव्यको बलिबेदीमा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पुर्ण शहिदहरुमा हार्दिक श्रद्धाञ्जलि तथा उहाँहरुको त्याग र बलिदानको समेत स्मरण गर्नुभयो।

महानिरीक्षक अर्यालले हालैको बाढी पहिरोको कारणले आएको विपत्तीबाट ज्यान गुमाउनु हुने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नुहुँदै विपत्तीबाट आफन्त तथा घरपरिवार गुमाउँदा पनि आफ्नो कर्तव्यलाई प्राथमिकतामा राखी उद्धारमा खटिने सम्पूर्ण राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुको उच्च प्रसंशा गर्नुभयो।

उहाँले सिमितताका बावजुत पनि संगठनमा कार्यरत कर्मचारीहरुको हितलाई ध्यानमा राखी कार्यान्वयनमा ल्याईएको कल्याणकारी योजनाहरुलाई समयसापेक्ष थप वृद्धि गर्दै लगिएको बताउनुहुँदै विभिन्न स्वास्थ्य संस्था तथा PABSON संग गरिएको सम्झौता, वाणिज्य बैंकसंगको सम्झौता नविकरण गरी सहुलियत ब्याजदरमा १५ लाखसम्म विना धितो ऋणको व्यवस्था, विभिन्न प्रकारका ऋण सुविधा, किस्तावन्दिमा चार पाङ्गे र दुई पाङ्गे सवारी तथा अन्य विद्युतिय सामाग्रीहरु समेत उपलब्ध गराउँदै आएको बताउनुभयो।

त्यस्तै प्रधान कार्यालयमा सकल दर्जा, आश्रित परिवार तथा पूर्व कर्मचारीहरुलाई लक्षित गरी सुपथ सेवा क्यान्टिन संचालनमा ल्याउनुको साथै भविष्यमा यसको संचालन अभ्यासको आधारमा अन्य यूनिटहरुमा समेत विस्तार गर्ने योजना रहेको बताउनुभयो। त्यसैगरी नेपाल एपिएफ अस्पताललाई ३ सय शैया क्षमताको स्तरोन्नती गरिएको तथा प्रादेशिक अस्पतालहरुलाई व्यवस्थित गरी उपलब्ध हुने सुविधाहरुलाई थप विकास तथा विस्तार गर्दै लगिने बताउनुभयो।

महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरुलाई सर्वसुलभ तथा गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्देश्यकासाथ हाल ४ वटा स्थानमा विद्यालयहरुको स्थापना भै संचालनमा रहेकोमा अन्य स्थानहरुमा संचालनका लागि आवश्यक तयारी भई रहेको बताउनुहुँदै संगठनमा कार्यरत कर्मचारीहरुको सम्मानजनक बसाई, राशन व्यवस्थापन, मेश सुधार, विदा व्यवस्थापन लगायत न्यूनतम आवश्यकताहरु परिपुर्तिको लागि प्रष्ट नीतिकासाथ अगाडि बढेको बताउनुभयो।

उहाँले चाडपर्व लक्षित सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन, विपद् प्रतिकार्यको सुनिश्चितताकासाथै सीमा नाकाहरुबाट देश फर्किने नागरिकको सम्मानजनक तथा सुरक्षित आवागमनका लागि नागरिक सहायता कक्षहरुको स्थापना तथा समकक्षी सुरक्षा निकायहरुसँगको समन्वय, नियमित अनुगमन र सीमा क्षेत्रमा राजश्व चुहावट नियन्त्रणको लागि सक्रियता र सकारात्मक सोचकासाथै राष्ट्र र राष्ट्रवासीको सेवामा निःस्वार्थ भावले परिचालित हुन समेत निर्देशन दिनुभयो।

महानिरीक्षक अर्यालले अनापेक्षित रुपमा विभिन्न प्रकारका विपद्हरुबाट धनजनको क्षति भईरहेको सन्दर्भमा विपद् प्रतिकार्यको जिम्मेवारीलाई समेत सुनिश्चित गरी सशस्त्र प्रहरी कर्मचारीहरुलाई आलो-पालो विदा मिलाई नजिकिदै गरेको चाडपर्वहरु हर्ष उल्लासकासाथ मनाउने वातावरण निर्माण गर्न तथा मातहतका कर्मचारीहरुको यात्राको क्रममा हुन सक्ने सवारी दुर्घटना न्यूनिकरणको लागि विषेश चासोकासाथ पहलता लिन सम्पुर्ण यूनिट कमाण्डरहरुलाई निर्देशन समेत दिनुभयो।

### सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद ३, दफा (६) को उपदफा (१)।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने।

## निशान तथा मौलो पुजा



बडादशैंको अवसरमा असोज २५ गते सशस्त्र प्रहरी बल, नेपालको निशान तथा मौलो पूजा सम्पन्न भएको छ ।

नं. १९ बगलामुखी बिशेष कार्यदल गण हल्चोक स्वयम्भूमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले बिहान ७ बजेर ५५ मिनेटको पूजाको संकल्प साइतमा सुरु भएको निशान तथा मौलो पूजामा सशस्त्र प्रहरी बल, नेपालको निशानमा पञ्जाछाप लगाउनुभयो । निशान तथा मौलो पूजा कार्यक्रममा निशान भगवती सलामी अर्पण गर्नुका साथै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत, अधिकृत तथा बिल्लादार जवानहरुबाट पूजाअर्चना तथा मौलो परिक्रमा गरिएको थियो । सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले मौलोपूजा व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पगरी तथा नगद पुरस्कारसमेत प्रदान गर्नुभएको थियो ।

## उच्चस्तरीय व्यवस्थापन र व्यवस्थापन तथा योजना तालिम सम्पन्न



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थ, काठमाडौंमा सञ्चालित सि.सं. ५ उच्चस्तरीय व्यवस्थापन तालिम र सि.सं. ५ व्यवस्थापन तथा योजना तालिम सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा असोज २१ गते सम्पन्न भएको छ ।

महानिरीक्षक अर्यालले उच्चस्तरीय व्यवस्थापन तालिममा सर्वोत्कृष्ट हुनुभएका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक होमबहादुर ज्ञवाली लगायत अन्य विधामा उत्कृष्ट हुनुभएका प्रशिक्षार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले संगठनको व्यावसायिक छवि र कार्य दक्षता एवं नेतृत्व र व्यक्तित्व विकासका लागि यस किसिमका तालिम अपरिहार्य रहेको बताउनुहुँदै उच्च तथा मध्यम तहका अधिकृतहरुले आफ्नो पेशागत दक्षताका साथै आफूहरुमा व्यवस्थापकीय गुणहरुको विकास गरी प्राप्त जिम्मेवारीहरुलाई कुशलतापूर्वक निर्वाह गर्न निर्देशन दिनुभयो । उहाँले आगामी दिनहरुमा संगठनको उद्धेश्य प्राप्ति एवं दुर्गामी निर्णयहरुमा सहजीकरण गर्न सोधमूलक कार्यमार्फत अधिकृतहरुले उत्कृष्ट कार्यसम्पादन गर्न सफल हुने विश्वाससमेत व्यक्त गर्नुभयो ।

## PGDSDMS तालिम सञ्चालन




राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सि.सं. २ सुरक्षा तथा विपद् व्यवस्थापन अध्ययन अधिस्नातक डिप्लोमा Post Graduate Diploma in Security and Disaster Management Studies (PGDSDMS) कोर्ष सञ्चालन भएको छ ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालले असोज १५ गते उक्त तालिमको उद्घाटन गर्नुभएको थियो ।

गुल्मपति तथा स्टाफ तालिमको पाठ्यक्रमसमेत समावेश गरी दुई सेमेष्टरमा सञ्चालन हुने सो कोर्षमा ४० जना सशस्त्र प्रहरी निरीक्षकहरु प्रशिक्षार्थीको रुपमा सहभागी रहेका छन् ।

## शान्ति स्थापनार्थ दक्षिणी सुडानमा तैनाथ सशस्त्र प्रहरी बल, नेपालको गस्ती तथा अभ्यास




## सशस्त्र प्रहरी परिवार महिला संघको २३औं वार्षिक साधारणसभा



सशस्त्र प्रहरी परिवार महिला संघको २३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालको प्रमुख आतिथ्यमा असोज १० गते सम्पन्न साधारणसभामा विविध विषयमा छलफल तथा संघको वार्षिक आयव्यय विवरण प्रस्तुत गरिएको थियो । कार्यक्रममा संघकी सदस्य सचिव श्रीमती तुलामाया ठाडामगरले संघको वार्षिक कार्यप्रगति विवरण तथा संघकी कोषाध्यक्ष श्रीमती पुजा राजभण्डारी प्रधानले आर्थिक वर्ष ०८०/८१ को आयव्यय विवरण प्रस्तुत गर्नुभएको थियो ।

संघको लक्षित उद्देश्य र समाज सेवाको क्षेत्रमा संघबाट भइरहेका उपलब्धिलगायत विविध विषयमा सो साधारणसभामा छलफल भएको थियो ।

## सशस्त्र प्रहरी परिवार महिला संघद्वारा राहत बितरण




असोज १० गते रातिदेखि परेको अविरल वर्षाको कारण बाढी, पहिरो तथा डुवानमा परेका काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका र पनौती नगरपालिका-११ बल्थलीका १ सय ५० घर परिवारलाई सशस्त्र प्रहरी परिवार महिला संघले असोज २२ गते खाद्यान्न सामाग्रीहरु हस्तान्तरण गरेको छ ।

सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालले बेथानचोक गाउँपालिकाका अध्यक्ष भगवान अधिकारीलाई तथा पनौती नगरपालिका-११ का वडा अध्यक्ष दीपेन्द्र लामालाई खाद्यान्न सामाग्री हस्तान्तरण गर्नुभएको थियो ।

यसैगरी बाढी पहिरोबाट प्रभावित ललितपुर जिल्लाको ललितपुर महानगरपालिका-१३ सुन्तीका ७५ र सोही महानगरपालिका-२१ खोकनाका २२ घरपरिवारलाई सशस्त्र प्रहरी परिवार महिला संघले राहत वितरण गरेको छ ।

## नि:शुल्क स्वास्थ्य शिविर




काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न स्थानमा नेपाल एपीएफ अस्पतालले असोज २१ गते विपद् प्रभावितहरुका लागि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

असोज १० गते परेको अविरल वर्षाका कारण काभ्रे जिल्लाको पनौती नगरपालिका-१२ कलाती र रोशी खोला गाउँपालिका-७ स्थित कटुन्जेका स्थानीय सर्वसाधारणहरुको लागि उक्त स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । नि:शुल्क स्वास्थ्य शिविरमा १ हजार १ सय २४ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको थियो ।

## बाढी, पहिरो तथा डुवान प्रभावितहरुलाई सामूहिक खाना



असोज २३ गते सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-७ खुर्कोट शितल चौतारीमा नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरले बाढी, पहिरो तथा डुवानबाट प्रभावित घरपरिवारहरुको लागि आयोजना गरेको सामूहिक खानामा करिब ३ सय जना सहभागी भएका छन् ।

# सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट बडादशैं २०८१को अवसरमा टीका तथा प्रसाद प्रदान

बडादशैं २०८१ को अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले असोज २८ गते सशस्त्र प्रहरी कर्मचारीहरुलाई टीका तथा प्रसाद प्रदान गर्नुभएको छ । सशस्त्र प्रहरी बल नेपालका बहालवाला तथा अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष तथा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र महिला संघका उपाध्यक्षले समेत सोही अवसरमा टीका तथा प्रसाद प्रदान गर्नुभएको थियो ।










## एपिएफ सुपथ सेवा क्यान्टिन उद्घाटन



प्रधान कार्यालय परिसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले असोज २१ गते एपीएफ सुपथ सेवा क्यान्टिनको उद्घाटन गर्नुभएको छ । सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार तथा भूतपूर्व कर्मचारीहरुलाई लक्षित गरी सुपथ सेवा क्यान्टिन सञ्चालनमा ल्याइएको हो र भविष्यमा अन्य स्थानका युनिटहरुमा समेत विस्तार गर्ने योजना रहेको छ ।

## भवन शिलान्यास



प्रधान कार्यालय हलचोक परिसरभित्र बहुउद्धेश्यीय प्रशासनिक कार्यालय भवनको सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले असोज १८ गते शिलान्यास गर्नुभएको छ । भवन निर्माण सम्पन्नपश्चात् अडिटोरियम तथा कन्फ्रेन्स हल, पुस्तकालय, हेल्थ क्लब, क्याफेटेरिया र सिसिटिभी सर्भिलेन्स सिस्टमलगायत अन्य कार्यालय कक्षहरु रहनेछ ।

# स्थापना दिवस

## राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान काठमाडौं



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थको १७औं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलको प्रमुख आतिथ्यमा असोज ३० गते विविध कार्यक्रम गरी सम्पन्न भएको छ।

अतिरिक्त महानिरीक्षक पौडेलले स्थापना दिवसको अवसरमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु तथा प्रशिक्षकलगायत प्रतिष्ठानलाई सहयोग पुऱ्याउनुहुने विभिन्न संघ संस्थाका महानुभावहरु र विभिन्न खेलकुद प्रतियोगितामा विजयी सशस्त्र प्रहरी कर्मचारीहरुलाई कदरपत्र, पुरस्कार र प्रशंसापत्र प्रदान गर्नुभयो । उहाँले दक्ष जनशक्ति उत्पादन गर्न प्रशिक्षण प्रतिष्ठानको भूमिका उल्लेखनीय रहेको र आधारभूत तथा उन्नत तालिमहरु सञ्चालन गरी अधिकृत तथा जवानहरुलाई संगठनको कार्यादिशबमोजिम सबल र सक्षम बनाउँदै आइरहेको बताउनुभयो ।

अतिरिक्त महानिरीक्षक पौडेलले विभिन्न इकाईहरुमा सञ्चालन हुने तालिममा दक्ष प्रशिक्षकहरुको उत्पादनमा समेत प्रशिक्षण प्रतिष्ठानको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

## दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरी



दन्तकाली विशेष कार्य तालिम शिक्षालयको २२औं स्थापना दिवस नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौबजीको प्रमुख आतिथ्यमा असोज १० गते विविध कार्यक्रम गरी सम्पन्न भएको छ ।

नायव महानिरीक्षक धौबजीले स्थापना दिवसको अवसरमा आन्तरिक रुपमा आयोजित खेलकुद प्रतियोगितामा विजयी टिम तथा खेलाडीहरुलाई पुरस्कार प्रदान गर्नुका साथै वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु तथा शिक्षालयलाई सहयोग पुऱ्याउनुहुने विभिन्न संघ संस्थाका महानुभावहरुलाई कदरपत्र प्रदान गर्नुभएको थियो ।

## नं. ३६ गण डोटी



नं. ३६ गण डोटीको 'छैटौं स्थापना दिवस असोज १० गते सशस्त्र प्रहरी बल, नेपाल नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपक अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

उहाँले स्थापना दिवसको अवसरमा विविध साँस्कृतिक कार्यक्रम आयोजना गरी विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु, विभिन्न खेल विधाका बिजेता सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र र प्रमाणपत्र प्रदान गर्नुभयो ।

## नं. ४६ गुल्म डोल्पा



नं. ४६ गुल्म डोल्पाको छैठौं स्थापना दिवस असोज १९ गते सशस्त्र प्रहरी उपरीक्षक प्रकाशकुमार सुवेदीको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा आयोजना गरिएका विभिन्न खेलकुद प्रतियोगिता तथा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु र गुल्मलाई सहयोग पुऱ्याउनु हुने महानुभावहरुलाई पुरस्कार, कदरपत्र र प्रमाणपत्र प्रदान गरिएको थियो ।

## नं. ४३ रिजर्भ गण बनवेहडा, कैलाली



नं. ४३ रिजर्भ गण वनवेहडा, कैलालीको 'चौथो स्थापना दिवस' असोज १ गते नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया कैलालीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक उद्धवबहादुर न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

उहाँले स्थापना दिवसको अवसरमा विविध साँस्कृतिक कार्यक्रमहरु आयोजना गरी विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु, विभिन्न खेल विधाका विजेता सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र र प्रमाणपत्र प्रदान गर्नुभएको छ ।

## आश्रित गुल्म ओखलढुंगा



आश्रित गुल्म ओखलढुंगाको १५औं स्थापना दिवस नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक शम्भु सुवेदीको प्रमुख आतिथ्यमा असोज ७ गते विविध कार्यक्रम गरी सम्पन्न भएको छ ।

नायब महानिरीक्षक सुवेदीले स्थापना दिवसको अवसरमा आयोजना गरिएका विभिन्न खेलकुद प्रतियोगिता तथा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु र गुल्मलाई सहयोग पुऱ्याउनु हुने महानुभावहरुलाई पुरस्कार, कदर पत्र र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## नं. ५१ गुल्म बैतडी



नं. ५१ गुल्म बैतडीको 'छैटौं स्थापना दिवस' असोज ७ गते नं. ७ वैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक उद्धवबहादुर न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

उहाँले स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बिभिन्न बिधामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु, बिभिन्न खेल विधाका विजेता सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र र प्रमाणपत्र प्रदान गर्नुभयो ।

## आश्रित गुल्म सिन्धुली




आश्रित गुल्म सिन्धुलीको १४ औं स्थापना दिवस असोज १० गते नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेशबहादुर ठाडा मगरको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

## नं. ४७ गुल्म पश्चिम रुकुम



नं. ४७ गुल्म पश्चिम रुकुमको सातौं स्थापना दिवस' असोज ३० गते नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक प्रकाश थापाको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

उहाँले स्थापना दिवसको अवसरमा विविध साँस्कृतिक कार्यक्रमहरुको आयोजना गरी बिभिन्न बिधामा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरु, बिभिन्न खेल बिधाका बिजेता सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र र प्रमाणपत्र प्रदान गर्नुभयो ।

## आश्रित गुल्म सल्यान



आश्रित गुल्म सल्यानको सातौं स्थापना दिवस नं. ३२ रक्तकाली गण सुर्खेतका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा असोज १९ गते सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा गुल्मले धार्मिकस्थलको सरसफाइ, आन्तरिक खेलकुद प्रतियोगिता सञ्चालन, वृक्षारोपण, व्यवसायिक ज्ञान प्रतियोगिता, विविध साँस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो ।

## आश्रित गुल्म दैलेख




आश्रित गुल्म दैलेखको सातौं स्थापना दिवस नं. ३३ त्रिपुरा गण जुम्लाका गणपति सशस्त्र प्रहरी उपरीक्षक लालबहादुर शाहीको प्रमुख आतिथ्यमा विविध कार्यक्रम गरी असोज १९ गते सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा गुल्मले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत विभिन्न धार्मिक तथा सार्वजनिकस्थलको सरसफाइ, आन्तरिक खेलकुद प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगितालगायत साँस्कृतिक कार्यक्रमसमेत आयोजना गरेको थियो ।

# स.प्र.बल, नेपाल इकाई परिचय

## नेपाल एपीएफ अस्पताल बलम्बु, काठमाडौं

सशस्त्र प्रहरी कर्मचारीहरु कर्तव्यपालनाको सिलसिलामा घाइते तथा बिरामी भएमा तत्काल उपचार हुन्छ भन्ने मनोभावना कर्तव्यपथमा रहेका सशस्त्र प्रहरी कर्मचारीहरुमा जागृत गराइ आफ्नो कार्यमा उच्च मनोबल र अझ दत्तचित्त भई लाग्न उत्प्रेरणा जगाउनका लागि



अस्पतालको आर्मब्याच

उनीहरुलाई निःशुल्क एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु अत्यन्त महत्वपूर्ण हुन्छ । २०५७ साल माघ १९ गतेबाट कार्य प्रारम्भ गरेको सशस्त्र प्रहरी बल, नेपालको स्थापनाको केही समयपश्चात् २०५८ फागुन २ गते १ जना चिकित्सकसहित ५ जना मेडिकल तालिम प्राप्त कर्मचारीहरुद्वारा हालको नेपाल एपीएफ अस्पताल प्रधान कार्यालय, हल्चोक परिसरमा मेडिकल शाखाको रुपमा स्थापना भएको हो । देशमा शान्ति, सु-व्यवस्था कायम गर्नका लागि होमिएका संगठनका सकल दर्जाका राष्ट्रसेवक कर्मचारीहरुलाई तत्काल आवश्यक उपचार सेवा उपलब्ध गराउन सानो जनशक्ति भएतापनि मेडिकल शाखामा ओपीडी, इमरजेन्सी, ल्याव (प्रयोगशाला), एक्स-रे तथा फार्मेसीलगायतका सेवाहरु क्रमिक रुपमा विस्तार गरियो ।

सशस्त्र प्रहरी बल, नेपालको तत्कालीन स्वास्थ्य सेवाको आवश्यकतालाई पूर्ति गर्न २०६० सालमा २५ शैया, २०६१ सालमा ५० शैया, २०६२ साल मंसिर ३० गते ७५ शैयाबाट स्वास्थ्य सेवा पुऱ्याउँदै २०६२ चैत ७ गते १ सय १० शैया क्षमताको तत्कालीन श्री ५ ज्ञानेन्द्र अस्पतालका नामबाट सञ्चालन भएको थियो । कोभिड-१९ माहामारीको समयमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७८ जेष्ठ १८ गतेको पत्रद्वारा परिस्थितिलाई मध्यनजर गरी कोभिड अवधिभर ३ सय ५० शैया क्षमतामा अस्पताल सञ्चालनको लागि अस्थायी स्वीकृति भएको थियो । अस्पताललाई स्तरोन्नति गर्दै लैजाने योजनाअनुरुप नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्डअनुसार २०८१ असोज ४ गतेको (सचिवस्तर) निर्णयबाट चन्द्रागिरी नगरपालिका-१२ काठमाडौंमा ३०० (तीन सय) शैया क्षमताको अस्पताल सञ्चालन स्वीकृति प्राप्त भएको छ ।

यस अस्पतालले नियमित बजेट र सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको आर्थिक सहयोगमा सशस्त्र प्रहरी कर्मचारीहरु, निजहरुका आश्रित परिवारहरु, वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका परिवार, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी र



निजका परिवारहरु तथा राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरु, नेपाल एपीएफ स्कुलका शिक्षक, शिक्षिका तथा उनीहरुका आश्रित परिवार, नेपाल एपीएफ क्लबमा आबद्ध खेलाडीहरु, करारका कर्मचारीहरु एवं सर्वसाधारण जनतालाई समेत न्यूनतम शुल्कमा स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ । नियमित सेवाको साथसाथै विभिन्न विपद्, महामारीलगायतका समयमा समेत देशको हिमाल, पहाड तथा तराईका सीमा इलाकामा समेत परिचालित भई स्वास्थ्य शिविर, रक्तदान, जनचेतनामूलक कार्यक्रम र



राहत वितरण जस्ता कार्यक्रमहरु मार्फत् जनतासँग प्रत्यक्ष रुपमा जोडिई कार्य गर्दै आइरहेको छ । यस अस्पतालमा प्राविधिक समूह स्वास्थ्यतर्फ २ सय ३३ जना र साधारण समुहतर्फ ५४ गरी २ सय ८७ जना स्वीकृत दरबन्दी रहेको छ । हाल अस्पतालबाट छाला, आँखा, हाडजोर्नी तथा नसा, स्त्री तथा प्रसूति, इन्टरनल मेडिसिन, ग्यास्ट्रो इन्टेरोलोजी, नाक/कान/घाँटी, बाल रोग, न्युरो सर्जरी, मुटु रोग, मानसिक रोग, फिजियोथेरापी तथा दन्तरोगसम्बन्धी विशेषज्ञ सेवाहरुलगायत ओ.पि.डी., इमरजेन्सी, अप्रेशन, वार्ड, आई.सि.यु./एच.डि.यु/एस.आई.सि.यु, प्याथोलोजी, रेडियोलोजी, डायलासिस, अन्कोलोजी सेवाहरु उपलब्ध हुँदै आइरहेको छ । सशस्त्र प्रहरी बल, नेपालको सम्पूर्ण युनिटहरुमा टेलिमेडिसिन सेवासमेत सुचारु गरी सशस्त्र प्रहरी कर्मचारीहरु भौतिक रुपमा उपस्थित नभई दूरसंचार प्रविधि इन्ट्रानेट तथा इन्टरनेटको माध्यमबाट अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकबाट टेलिमेडिसिन सेवा प्रदान गर्दै आइरहेको छ ।

अस्पतालबाट छुट्टाछुट्टै फार्मेसी सेवा, ब्लड बैंक, पोषण सेवा, खोप सेवा, डट्स, मनोवैज्ञानिक परामर्श, फोहोरमैला व्यवस्थापन, शनिवार ओ.पि.डि. सञ्चालन, विस्तारित स्वास्थ्य सेवा पनि नियमित रुपमा गर्दै आइरहेको छ । साथसाथै नविनतम् सोच तथा प्रविधिको विकासको युगमा प्राप्त सीमित स्रोत साधन, भौतिक संरचना तथा जनशक्तिमा पनि अस्पतालले क्रमिक रुपमा नयाँ सोचलाई आत्मसात गर्दै अस्पतालले प्रदान गर्ने सेवाहरुलाई विस्तार तथा विकास गरी नेपालको सात वटै प्रदेशहरुमा १५ बेड क्षमताको फिल्ड अस्पतालहरु र चितवन जिल्लाको कुरिनटारमा २५ बेडको ट्रमा सेन्टर समेत सञ्चालनमा रहेका छन् जहाँ चिकित्सक सहितका स्वास्थ्यकर्मी खटिई ल्याव र X–Ray लगायतका अन्य स्वास्थ्य सुविधा प्रदान गर्दै आईरहेका छन् ।

राष्ट्रिय सडक सुरक्षा परिषद र सशस्त्र प्रहरी बल, नेपालबीच सम्झौता हस्ताक्षर भई कुरिनटारस्थित सशस्त्र प्रहरी बल, नेपालको पृथ्वी हाईवे ट्रमा सेन्टरलाई स्तरोन्नति गर्दै हब अस्पतालको रुपमा सञ्चालन गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्नको लागि



**प्रा. सप्रनामनि डा. रूपक महर्जन**
**अस्पताल प्रमुख**

विभिन्न चरणमा कार्य भइरहेको छ । साथै अस्पतालमा विभिन्न तहका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी स्वास्थ्यसँग सम्बन्धित दक्ष जनशक्तिको उत्पादन गरी स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने सोचसहित पहिलो चरणमा PCL Nursing कार्यक्रम सञ्चालन अनुमतिको अन्तिम चरणमा रहेको छ ।

### नेपाल एपीएफ अस्पतालको लक्ष्यहरु

१. समय सापेक्ष अत्याधुनिक उपकरणहरु मार्फत गुणस्तरीय सेवा उपलब्ध गराइ नेपाल एपीएफ अस्पताललाई एक विस्तारित र विशिष्टीकृत संस्थाको रुपमा विकास गर्ने ।

२. नर्सिङ तथा प्यारामेडिक्स कलेज सञ्चालन गर्दै भविष्यमा मेडिकल कलेज स्थापना गर्ने ।

३. नेपाल एपीएफ अस्पताल ३०० शैयामा स्तरोन्नति भएको हुँदा स्वास्थ्य सेवा मापदण्डअनुसार गर्नुपर्ने कार्यहरु क्रमशः गर्दै जाने र आवश्यकता अनुसार प्रत्येक प्रदेशमा रहेका फिल्ड अस्पतालहरुलाई विशेषज्ञ चिकित्सकसहितको फिल्ड अस्पतालको रुपमा स्तरोन्नति गर्ने ।

४. अस्पतालमा आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्ति तयार गरी PICU र Burn Care Unit सञ्चालन गर्ने ।

५. नेपाल सरकार गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायत अन्य सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी अस्पतालमा आबद्ध चिकित्सक तथा अन्य स्वस्थ्यकर्मीहरुलाई थप गुणस्तरीय तालिम दिलाइ दक्ष बनाउने ।

६. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (NAMS) सँग आवश्यक समन्वय गरी निकट भविष्यमा Post Graduate (MD/MS) लगायत अन्य तालिमहरु सञ्चालन गर्ने ।

## प्रादेशिक अस्पतालहरू



**पूर्व क्षेत्रिय स.प्र.वल नेपाल अस्पताल**
सुनसरी जिल्ला, कोशी प्रदेश, पकली
शैया क्षमताः १८
स्थापनाः २०७०/०८/२७



**छिन्नमस्ता फिल्ड अस्पताल**
महोत्तरी जिल्ला, मधेश प्रदेश, बर्दिवास
शैया क्षमताः १३
स्थापनाः २०७७/०४/०१



**नं. ३ गढिमाई फिल्ड अस्पताल**
चितवन जिल्ला, बागमती प्रदेश, भण्डारा
शैया क्षमताः १५
स्थापनाः २०७९/१०/०९



**पोखरा फिल्ड अस्पताल**
कास्की जिल्ला, गण्डकी प्रदेश, पोखरा
शैया क्षमताः ७
स्थापनाः आधिकारिक रुपमा स्थापना भई नसकेको



**मध्य पश्चिम क्षेत्रिय स.प्र.बल, नेपाल अस्पताल**
बाँके जिल्ला, लुम्बिनी प्रदेश, नौवस्ता
शैया क्षमताः १५
स्थापनाः २०७१/०१/२१ कोहलपुर (हाल नौवस्ता)



**महेश्वरी फिल्ड अस्पताल**
सुर्खेत जिल्ला, कर्णाली प्रदेश, बाङ्गेसिमल
शैया क्षमताः ५
स्थापनाः २०७९/१०/०९



**बैद्यनाथ बाहिनी फिल्ड अस्पताल**
कैलाली जिल्ला, सुदुरपश्चिम प्रदेश, अत्तरिया
शैया क्षमताः १८
स्थापनाः २०७९/१२/२७



**पृथ्वी हाईवे ट्रमा सेन्टर**
चितवन जिल्ला, बागमती प्रदेश, कुरिन्टार
शैया क्षमताः ३०
स्थापनाः २०७५/०४/२७

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

# उद्धार/विविध

**असोज महिनामा देशको विभिन्न स्थानमा परेको अविरल वर्षाको कारण बाढी, पहिरो तथा डुवानमा परेकाहरुको उद्धार कार्यमा परिचालित फौज ।**



























## एम्बुलेन्स हस्तान्तरण एवं संचालन सम्बन्धी सम्झौता



नं. ४२ रिजर्भ गण शमशेरगञ्ज बाँके र राप्ती सोनारी गाउँपालिकाबीच एम्बुलेन्स हस्तान्तरण एवं सञ्चालनसम्बन्धी सम्झौता भएको छ ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त बिष्टको प्रमुख आतिथ्यमा सोही गणमा आयोजित एक कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक क्षितिज क्षेत्री र गाउँपालिका प्रमुख तप्तबहादुर पौडेलबीच असोज १ गते सम्झौतामा हस्ताक्षर भएको हो । स्थानीय वासिन्दाहरुको अधिकतम हित र सडक दुर्घटनालगायत मानवीय तथा विरामी उद्धार कार्यको सहजताको लागि राप्तीसोनारी गाउँपालिकाको सर्पदंश उपचार केन्द्रको स्वामित्वमा रहने गरी उक्त एम्बुलेन्स सञ्चालनमा ल्याइने छ ।

## Volunteer Rescuer Disaster Response तालिम





नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेतमा असोज १४ गतेदेखि १६ गतेसम्म Volunteer Rescuer Disaster Response तालिम सञ्चालन भएको छ ।

सोही बाहिनीका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक प्रकाश थापाको प्रमुख आतिथ्यमा सो तालिमको उद्घाटन भएको हो । उक्त तालिममा ५० जना विद्यार्थीको सहभागिता रहेको छ । यसैगरी कञ्चनपुर जिल्लाको दोधाराचाँदनी नगरपालिका-५ स्थित दोधाराचाँदनी नगरपालिकाको सभाहलमा विभिन्न विद्यालयहरुमा अध्ययनरत ६८ जना विद्यार्थीहरुको लागि असोज १४ गतेदेखि १६ गतेसम्म Volunteer Rescuer Disaster Response तालिम सञ्चालन गरिएको छ । सशस्त्र प्रहरी बल नेपालले विभिन्न स्कुल तथा कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई तालिम दिई प्रशिक्षक तथा स्वयंसेवक तयार गर्ने योजनाकासाथ तालिम सञ्चालन गरेको हो ।

## बिपद् उद्धारमा निरन्तर खटिएका सशस्त्र प्रहरी निरीक्षक दिलबहादुर बडुवालको निधन



विपद् उद्धार र राहत बितरण कार्यमा खटिएका सशस्त्र प्रहरी निरीक्षक दिलबहादुर बडुवालको निधन भएको छ । असोज २८ गते बिहान नेपाल एपीएफ अस्पताल बलम्बुमा उपचारको क्रममा उनको निधन भएको हो ।

विपद् ब्यवस्थापनका लागि सशस्त्र प्रहरी बल नेपालले गत असार २ गते काभ्रे जिल्लाको पनौती नगरपालिका-५ आइटी पार्कमा मनसुनजन्य विपद् ब्यवस्थापन बेस स्थापना गरेको थियो । सोही बेसमा साउन ३ गतेदेखि कमाण्डरको रुपमा बडुवाल कार्यरत थिए । पछिल्लो समय असोज ११ गतेदेखि अबिरल बर्षाको कारण काभ्रेको विभिन्न ठाउँमा भएको धनजनको क्षतिमा उद्धारका लागि उनको कमाण्डमा सशस्त्र प्रहरी बल निरन्तर खटिएको थियो । सो बेसबाट काभ्रेको रोशी, भुमिडांडा, बेथानचोक, नार्केबजार, मंगलटार, कालढुंगा, बाल्टिङ लगायतका स्थानमा परिचालित थियो । सशस्त्र प्रहरी निरीक्षक बडुवाललाई ज्वरो लगायतका समस्या देखिएपछी असोज २६ गते नेपाल एपीएफ अस्पताल बलम्बुमा भर्ना गरी उपचार गरेकोमा असोज २८ गते सोमबार बिहान उनको निधन भएको हो । बर्दिया घर भएका बडुवालले २०६० सालबाट सशस्त्र प्रहरी सहायक निरीक्षक दर्जाबाट सेवा प्रवेश गरेका थिए । उनी संगठनमा मिजासिला, हसिलो स्वभाव भएका, जिम्मेवारीप्रति लगनशील अधिकृत थिए ।

## सीमा समन्वयात्मक बैठक



नं. १ बराह बाहिनी मुख्यालय पकली, सुनसरी र भारतीय सशस्त्र सीमा बल (SSB) को Sector Headquarters Purnea, Ranidanga / Gangtok का Sector Commander हरुसँग 14th DIG Level Counterparts Co–ordination Meeting असोज १४ गते मोरङ जिल्लाको सुन्दरहरैचा नगरपालिका-९ विराटचोकमा सम्पन्न भएको छ ।

## मैत्रीपुर्ण भलिबल खेल



असोज ७ गते सुनसरी जिल्लाको हरिनगरा गाउँपालिका-५ यादव टोलस्थित नेपाल-भारत सीमा इलाकाको दशगजामा भारतीय समकक्षी सशस्त्र सीमा बल SSB 56 Bn Bathnaha र नं. ४ गण सुनसरीले संयुक्त आयोजना गरेको मैत्रीपूर्ण भलिबल खेल सम्पन्न भएको छ ।

## असोज महिनाको बरामदी विवरण

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बिओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | इलाम | ४७७००० |
| २ | झापा | ११६५१२९० |
| ३ | ताप्लेजुङ्ग | १०९०००० |
| ४ | मोरङ | ६३९९७३० |
| ५ | सुनसरी | ६२९१३९६ |
| ६ | उदयपुर | ३५७१५ |
| ७ | सप्तरी | २४८७२७३ |
| ८ | सिराहा | ९६०६५५४ |
| ९ | धनुषा | ६६९८०२८ |
| १० | महोत्तरी | ६४५८४५८ |
| ११ | सर्लाही | ७४१३३५८ |
| १२ | रौतहट | २७९९६३४ |
| १३ | बारा | १२०७५६१६ |
| १४ | पर्सा | १९८९३३९४ |
| १५ | मकवानपुर | ३८३१००८ |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १६ | सिन्धुपाल्चोक | ७०३६४५ |
| १७ | नुवाकोट | ५०००० |
| १८ | रसुवा | ४६०५४० |
| १९ | पाल्पा | ४००००० |
| २० | प.नवलपरासी | ९४६४४८८ |
| २१ | रुपन्देही | १५८५०८८५ |
| २२ | कपिलबस्तु | ३२८३४८५ |
| २३ | दाङ | २१६६०० |
| २४ | बाँके | ८९३८५७७ |
| २५ | बर्दिया | २२३९४६४ |
| २६ | कैलाली | ६४९८३२७ |
| २७ | बैतडी | १८१३० |
| २८ | कन्चनपुर | १५७२१४६० |
| २९ | दार्चुला | ३४५२०० |
| | जम्मा | १६१३९९२५५ |

## हार्दिक श्रद्धाञ्जलि



जन्म
२०३८।०२।२४

स्वर्गारोहण
२०८१।०६।२८

**सशस्त्र प्रहरी निरीक्षक स्व. दिलबहादुर बडुवाल**

नं. १५ गण काभ्रे दरबन्दी भई मनसुनजन्य विपद् व्यवस्थापन बेस आई.टि.पार्क पनौतीमा बेसपतिको रुपमा खटिएका सशस्त्र प्रहरी निरीक्षक दिलबहादुर बडुवालको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म
२०३७।०५।०४

स्वर्गारोहण
२०८१।०६।३०

**सशस्त्र प्रहरी नायब निरीक्षक स्व. कुमार थपलिया**

नं. २२ गुहेश्वरी गण दरबन्दी भई बीओपि गुम्बा सिन्धुपाल्चोकमा कार्यरत सशस्त्र प्रहरी नायब निरीक्षक कुमार थपलियाको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म
२०५७।०७।१३

स्वर्गारोहण
२०८१।०६।२०

**सशस्त्र प्रहरी जवान स्व. चन्द्रबहादुर तामाङ**

नं.३ कंकालिनीमाई गण मोरङमा कार्यरत सशस्त्र प्रहरी जवान चन्द्रबहादुर तामाङको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म
२०५९।०६।०१

स्वर्गारोहण
२०८१।०६।१८

**सशस्त्र प्रहरी जवान स्व. खगेन्द्र शाही**

नं. ५० गुल्म छाङ्गरु, दार्चुलामा कार्यरत सशस्त्र प्रहरी जवान खगेन्द्र शाहीको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

# लेख/रचना

## सिपाहीको सपना



**शंकर देव शर्मा**
सशस्त्र प्रहरी नायव निरीक्षक

मेरो देश
हिमालको छहारीमा,
जहाँ हावा अनि
शीतलताको,
आनन्द मिल्छ ।
साहसी सशस्त्र प्रहरी
बल हामी,
जनताको जीउ धनको,
शान्ति सुरक्षा गर्नमा हामीलाई,
आनन्द मिल्छ ।
हो हामी सशस्त्र प्रहरी ।

हिमालको चुचुरोमा तराईको फाँटमा,
सगरमाथाको शिखर भैं,
दार्चुलाको छाँगरूमा,
शान्ति सुरक्षा,
अनि देशको सार्वभौमसत्ता रक्षार्थ,
सपथ खाएका हामी,
यसैमा गौरव ठानी,
अगाडी बढ्छौं ।
हो हामी सशस्त्र प्रहरी ।

जनताको फोन आयो ११४ मा
तत्काल खटिन्छौं ।
तयारी हालतमा बस्छौं ।
शान्ति अनि सुरक्षा नै मूल धर्म,
अनि कर्म,
जनताको जीउ ज्यान सुरक्षा,
अनि सुनिश्चित गर्छौं ।

हो हामी सशस्त्र प्रहरी ।
हाम्रो रगत रगतमा यो देश छ ।
हाम्रो कर्म नै,
हाम्रो धर्म हो,
हामीलाई,

आखिर जागिरहन्छौ।
जबसम्म यो ज्यानमा,
श्वास रहन्छ ।
हामीलाई जिम्मेवारी दिन,
विश्वास गरिएको ,
संगठनले आवश्यक ठानि लिएको, कर्तव्य,
हामीमा रही रहन्छ ।
जय नेपाल ।
२४सै घण्टा विशेष छ ।

हाम्रो देश को भण्डा,
हाम्रो गौरव ।
हो हामी सशस्त्र प्रहरी ।

कतै आगलागी भए,
तत्काल नियन्त्रणमा लिन अग्रसर हुन्छौं ।
भविष्यमा हुने कुनै विपत् को,
सामना गर्न,
तयार भएर बस्छौं ।

द्वन्द अनि अशान्ति लाई रोक्दै,
आएका हामी,
भविष्यलाई सजक भै,
तयार नै हुन्छौ ।
मन अनि वचन ले भन्छ,
हो हाम्रो धर्म, हाम्रो कर्म
अनि हाम्रो सफलता पनि सशस्त्र प्रहरी ।
हो हामी सशस्त्र प्रहरी ।

हरेक को कथा,
सजिलै लेखिएको कहाँ हुन्छ र !
चाहे व्यक्ति होस् या संस्था,
हाम्रो आफ्नै इतिहास छ,
समयको माग छ,
हरेक पक्षमा बेदाग छ ।
हो हामी सशस्त्र प्रहरी ।

हाम्रो रगत बग्ने नशा नशामा,
देश बग्छ, सार्वभौमसत्ता, अखण्डता,
अनि भाषा र भेष बग्छ ।
देश नै हाम्रो कर्तव्य,
इमान धर्मले,
कर्म गर्नु हो ।

हामी दशगजा सीमा स्तम्भ मर्मत,
सुरक्षा अनि, संरक्षण गर्छौं,
राजस्व चुहावट, नियन्त्रण गरी,
राज्यको भान गराउँछौं ।
बाढी आउँदा तराईमा,
पहिरो अनि भूकम्पमा,
२४सै घण्टा खटिन्छौं ।

राष्ट्रसेवक सशस्त्र प्रहरी,
जनताको आवश्यकता,
राज्य को आवश्यकता,
यही नै हो हामी सशस्त्र प्रहरीको कर्तव्य ।

## उद्धारमा सशस्त्र प्रहरी



**द्रोणबहादुर कुँवर**
सशस्त्र प्रहरी वरिष्ठ हवल्दार

मेरो देश, मेरो कर्तव्य,
मेरो वर्दी, म हुँ सशस्त्र प्रहरी

कस खुँडा, बगलामुखी माता,
हाम्रो धर्म, हाम्रो निशान
शान्ति सुरक्षामा, अहोरात्र खट्दै
सशस्त्र प्रहरी, मेरो पहिचान ।

बाढी आयो, पहिरो गयो,
धनजनको क्षति, पिडा सबै मुटुमा छायो ।

मर्छु भनेर सोच्दै थियौं,
उद्दार गर्न सशस्त्र प्रहरी आयो ।
चाड पर्व नजिक, घर फर्कने बेला
सीमानामा सम्मानजनक आवागमनको प्रवन्ध पायौं ।
सशस्त्र प्रहरी बलको कारणले सीमाबाट सहज र सुरक्षित नेपाल आयौं ।

स्वदेशदेखि विदेश, यु एन मिसन,
सगरमाथाको उचाईमा, भण्डा फहरायो ।
प्रकृतिको विपतको सामना गर्दै,
ज्यानको आहुति दिएर सशस्त्र प्रहरी आयो ।

देशले कहिले कोरोना त कहिले भुकम्प
सम्मको विपत्ति पायो ।
आँफु मरेर अरुलाई बचाउने सशस्त्र प्रहरी
हामी साम्नु आयो ।
शान्ति सुरक्षा प्रतिवद्धताको नाराले सजिएको
सशस्त्र प्रहरीको भण्डा ।

गर्व लाग्छ मलाई म सशस्त्र प्रहरी हुँ भन्दा ।
सीमा, विपद्, राजस्व र आन्तरिक सुरक्षामा
हरदम गर्छ देखभाल
नेपाल मेरो देशका नागरिकलाई बचाउने
सशस्त्र प्रहरीलाई जय नेपाल ।

**समर्पण एपीएफ मासिकको लागि**

लेख रचना, युनिटले गरेका कामकारवाही, पक्राउ,
बरामद, उद्धार तथा अन्य गतिविधि पठाउनको लागि
**स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा**

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

## CKD (किड्नी फेलिएर/रेनल फेलिएर)



**डा. रामकृष्ण बराल**
प्रा.सशस्त्र प्रहरी उपरीक्षक
नेपाल एपीएफ अस्पताल

स्वास्थ्य

यस्तो अवस्था जसमा किड्नीले सामान्य अवस्थामा गर्ने काम जस्तै रगतबाट विकार तत्व (**Waste Product**) र पानी (Excess fluid) निकाल्ने क्षमतामा कमी आउनु हो ।

**कारणहरु :-**

क. सुगरका रोगीहरु (Diabetes)
ख. उच्च रक्तचाप (High blood pressure)
ग. वंशाणुगत रोगहरु (Polycystic kidney diseases)
घ. Glomerulonephritis, lupus nephritis
ङ. कड्नीलाई हानी पुर्याउने औषधीहरु (Toxin)

**लक्षणहरु :-**

सामान्यतया शुरुवाती चरणमा यसका केही पनि लक्षणहरु नहुन सक्छन् । अन्य कारणहरुले रगत पिसाव जाँच गर्दा किड्नी फेल भएको देखिन सक्दछ । रोग लागेको लामो समयसम्म पनि बिरामीहरुले ठिकै मात्रामा पिसाव गरिराख्ने हुनाले बिरामीहरु भुक्किन पनि सक्दछन् । तर यस्तो पिसावमा पर्याप्त मात्रामा विकार तत्व (Waste products) भने निस्की राखेको हुदैन ।

१. खुट्टा/पैताला सुनिनु
२. खानामा अरुची
३. वाकवाक लाग्नु, बान्ता हुनु
४. रगत कमी हुनु
५. चक्कर लाग्नु
६. उच्च रक्तचाप (Blood pressure बढ्नु) आदि यसका लक्षणहरु हुन् ।

**निदान :-**

१. Kidney function test (KFT)
२. eGFR
३. Urine RME
४. 24 Hours urine for protein
५. CBC
६. Calcium, phosphorus, uric acid
७. USG (अल्ट्रासाउण्ड)
८. Kidney biopsy (कहिलेकाँही)

**उपचार :-**

पहिला के कारणले kidney फेल (CKD) भएको हो पत्ता लगाउने, कुनै समयमा औषधी कारण वा Urinary track block भएर किड्नी फेल भएको छ भने किड्नीलाई बचाउन सकिन्छ ।

क. उच्च रक्तचाप नियन्त्रण गर्न औषधी सेवन गर्ने ।
ख. खानपानमा सुधार (नुन कम गर्ने, Protein कम गर्ने Potassium भएका खाना कम गर्ने)
ग. रक्तअल्पता (Anaemia) को उपचार
घ. रगतमा बोसो कम गर्ने औषधी सेवन गर्ने
ङ. Calcium लिने
च. Phosphate कम गर्ने औषधी

**Dialysis (डायलाइसिस) :-**

किड्नी Transplant गर्नु उपयुक्त उपचार भएता पनि विभिन्न कारणले गर्दा Transplant मा समय लाग्नु पर्ने अवस्थाले गर्दा पूर्ण रुपमा Dialysis को तयारी गर्नु पर्दछ । Dialysis दुई प्रकारका हुन्छन् ।

१. Hemodialysis
२. Peritoneal Dialysis

## बर्दी



**बिमल के.सी.**
सशस्त्र प्रहरी हवल्दार

चोखो अनि निश्चल छ नेपाल आमाको यो बर्दी
अविचलित रही रहन्छ प्रचण्ड गर्मी होस् या सर्दी

अपराधीको मनमा डर होस् यो बर्दी
सज्जन र इमान्दारलाई सदैव भर होस् यो बर्दी

सुम्पिएको जिम्मेवारी लिई हिँड्छ डटेर
सिमानाको प्रचण्ड गर्मी अनि माइनस डिग्री सहेर

पसिनामा डुबेर अपराध कुसंस्कारलाई केलाउनु छ
मेरो देश नेपाल आमाको भविष्य दिलाउनु छ

भेल बाढी विपद् छेक्न तम्तयार छ यो बर्दी
उसले मृत्यु चिन्दैन ऊ देशको कर्तव्यनिष्ठ रक्षक हो

अस्तित्व र पहिचान बोकेर प्रतिनिधिको रुपमा हिड्छ
त्यसैले त सदा सर्वदा गतिशील र जिम्मेवार रहन्छ

घमण्ड होइन दम्भ लिन्छ अँटेर आफ्नै पाखुरामा
जिम्मेवार भारी बोकी पुगेको छ सर्वोच्चको चुचुरोमा

नेपाल अनि नेपालीको सुरक्षाको तीव्र बेगमा
हिमाल पहाड तराईमा बर्दी डुल्छ सबै भेगमा

## देशप्रतिको प्रतिबद्धता



**विष्णुराम भण्डारी**
सशस्त्र प्रहरी सहायक हवल्दार

हामी हौं सिपाही देशको सेवक
सीमा त्यो क्षेत्रमा सधैंको रक्षक ।
प्रकोपको बेला सबैको उद्धार
कार्य दक्षतामा हँसिलो मुहार ॥

परिश्रम गरेरै पसिना बग्ने छ
विश्वास भएरै आत्मसात बढ्नेछ ।
अब्बल माया यो मनमा साँचेर
देशको इज्जत राख्ने छौं हाँसेर ॥

सफल योजना कायम रहन्छ
त्यो साह्रो बरफ तरल बन्दछ ।
शिखर पुग्नु बहादुरी साहस
सिपालु पारखी हिम्मत आँट छ ॥

कठोर बन्दैछ मन यो खै किन ?
साथमा साथ सहयोग छिन छिन ।
कोमल साहसी तत्पर सरल
नेपाल आमा सम्भन्छु पलपल ॥

देशकै लागि समर्पित जो भन्छ
सत्कार सम्मान सदैव रहन्छ ।
के दिन के रात सदैव एकै हो
राष्ट्रको सिपाही सुरक्षा पाटो हो ॥

■ **प्रकाशकः सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समितिः** सप्रउ देवराज अर्याल (संयोजक), सदस्यहरुः प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
**कम्प्यूटर लेआउटः** सप्रबह मनोज कुँवर, **कम्प्यूटर अपरेटरः** सप्रह रामशरण न्यौपाने, सप्रज सिताराम अधिकारी, **तस्वीरः** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई